# पूर्व योजना

NEPALI | ENGLISH

**यस सहायता पत्रले अगाडि योजना बुझ्ने तथा वित्तीय तथा कानुनी मामलाहरुलाई आयोजना गर्न तथा मद्दत गर्ने संगठनहरु तथा मानिसहरुको सूची तयार गर्ने उपायहरुका बारेमा छलफल गर्छ।**

डिमेन्सियाले मानिसहरुलाई फरक तरिकाले असर गर्छ। कुनै एक व्यक्तिले रकमलाई व्यवस्थित गर्ने क्षमता गुमाउन थाल्न सक्छ वा शुरुआतको अवस्थामा उपयुक्त व्यावसायिक निर्णयमा कमी आउन सक्छ, तब अर्को व्यक्तिसँग यस्ता सीपहरु लामो समयसम्म रहिरहन सक्छन्।

तथापि, ढिलो वा चाँडो उनीहरुको क्षमताहरुमा गिरावट आउनेछ र डिमेन्सिया भएको व्यक्तिले वित्तीय तथा कानुनी मामलाहरुमा आफ्नो निर्णय गर्न असमर्थ हुनेछ।

## पूर्व योजना

पूर्वयोजनाले परिवार तथा हेरचाहकर्ताहरुलाई डिमेन्सिया भएको व्यक्तिको मामलाहरुलाई व्यवस्थापन गर्न परिवार तथा हेरचाहकर्ताहरुलाई सजिलो बनाउन सक्छ। यसको यो पनि अर्थ हुन्छ कि डिमेन्सिया भएको व्यक्तिले योजना गर्नमा सहभागी हुन सक्छ र उनीहरुले चाहेजस्तै गरी उनीहरुको इच्छालाई पूरा गरिएको निश्चित गर्न सक्छ।

जहाँ सम्भव हुन्छ, डिमेन्सिया भएको व्यक्ति छलफलमा सहभागी हुन सक्दा र कुनै पनि कागजातहरुमा हस्ताक्षर गर्न कानुनी रुपमा योग्य हुँदैमा सुझाव प्राप्त गर्नुहोस्।

## पैसाको जरुरत

यदि बैंक खाता संयुक्त नाममा छ भने, डिमेन्सिया भएको व्यक्तिको साझेदारले बन्दोबस्तमा कुनै परिवर्तनविना यसलाई सञ्चालन गर्न निरन्तर गर्न सक्छ। तथापि यदि डिमेन्सिया भएको मान्छेले खातालाई अनुपयुक्त ढंगमा प्रयोग गर्छ वा उसको नाममा मात्र खाता छ भने समस्या आउन सक्छ। डिमेन्सिया भएको व्यक्तिले ती कठिनाइहरुबाट छुटकारा पाउनका लागि खाता अन्य व्यक्तिलाई सञ्चालन गर्ने अधिकार दिन सक्छ, जब ऊ कानुनीरुपमा योग्य ठहर्ने बेलामै। यदि डिमेन्सिया भएको व्यक्ति कानुनी रुपमा अयोग्य भइसकेपछि यो काम भएको भए त्यस्तो अधिकारको बदर हुने कुरा सम्झन जरुरी छ। यदि उनीहरु बन्दोबस्तमा परिवर्तन गर्न अनिच्छुक भएमा सम्भावित समाधानका लागि बैंक म्यानेजरसँग सल्लाह गर्नु सहयोगी हुन सक्छ।

**पूर्व योजनाको अर्थ:**

- सबै वित्तीय खाताहरुमा संयुक्त हस्ताक्षर राख्नु
- भविष्यका वित्तीय मामलामा वित्तीय सल्लाहकारसँग छलफल गर्नु
- डिमेन्सिया भएको व्यक्तिले कसरी र कहिले उनीहरुको वित्तमाथि पहुँच पाउने चाँजोपाँजो मिलाउने

**कसले सहयोग गर्न सक्छ?**

- बैंक व्यवस्थापक
- स्वीकृत वित्तीय सल्लाहकार
- वकिल
- डिमेन्सिया अष्ट्रेलिया

## स्थायी वारीसनामा

धेरै राज्य तथा प्रदेशहरुमा व्यक्ति हस्ताक्षरको समयमा यदि कानुनीरुपमा योग्य भएमा उनीहरुले स्थायी वारीसनामा (enduring power of attorney) नामक एक कागजातमा हस्ताक्षर गर्न सक्छन्। स्थायी वारीसनामा अर्थात इन्ड्युरिङ पावर अफ अटर्नी एउटा कानुनी बन्दोबस्त हो जसले आफु असक्षम भएको खण्डमा आफुले इच्छ्याइएको (मनोनीत) व्यक्तिलाई आफ्नो  वित्तीय मामलाको रेखदेख गर्नका लागि अधिकार दिन्छ। कुनै रोग वा निदान नभएता पनि धेरै मानिसहरुले स्थायी वारीसनामा बनाईराखेको हुन्छ ।

एक साधारण, वा सामान्य, वारीसनामा (power of attorney) पनि बनाउन सकिन्छ तर यो वारीसनामा सो व्यक्ति कानुनीरुपमा सक्षम रहुन्जेल सम्म मात्र मान्य हुन्छ। स्थायी वारीसनामा (enduring power of attorney) व्यक्तिको मृत्यु नभएसम्म जारी रहन्छ, यदि रद्द नगरिएमा।

स्थायी वारीसनामा (enduring power of attorney) राख्नुको फाइदाहरुमध्ये एक हो कि यसले डिमेन्सिया भएको व्यक्तिलाई उनीहरुको तर्फबाट कानुनी तथा वित्तीय मामलाहरुमा काम गर्नका लागि अरु कोहीलाई रोज्न मिल्छ जब उनीहरु आफैं त्यसो गर्न असमर्थ रहन्छन्।

**पूर्व योजनाको अर्थ:**

- डिमेन्सिया भएको व्यक्तिले उनीहरुलाई डिमेन्सिया छ भनेर पत्ता लागि सके पछि जतिसक्दो छिटो र उनीहरुसँग क्षमता हुँदैमा स्थायी वारीसनामा (enduring power of attorney) बनाउन सुनिश्चित गर्ने यदि उनीहरुले यसअघि यस अघि बनाएको छैन भने
- परिवार तथा हेरचाहकर्ताहरुको पनि आफ्नै enduring power of attorney भएको सुनिश्चित गर्ने यदि उनीहरु असक्षम भएको अवस्थामा उनीहरुको मामलालाई सुनिश्चित गर्नका लागि
- स्थायी वारीसनामा (enduring power of attorney) को प्रतिलिपि राख्ने र त्यो कहाँ राखिएको छ थाहा पाउने।



NSW GOVERNMENT | Family & Community Services

यो सहायता पत्र (Help Sheet) को अनुबाद  परिवार र सामुदायिक सेवा विभाग (NSW Department of Family and Community Services) को अनुदानमा गरिएको हो र यसलाई अष्ट्रेलियन सरकारको स्वास्थ्य विभाग (Department of Health) को अनुदानमा प्रकाशित सहायता पत्रको आधारमा बनाईएको हो।

Dementia Australia™

**कसले सहयोग गर्न सक्छ?**

- वकिल
- कानुन समाज वा संस्थान (Law Society वा Institute), वा कानुनी सहायक (Legal Aid)
- सार्वजनिक वकिल (Public Advocate) वा सार्वजनिक अभिभावक (Public Guardian)
- डिमेन्सिया अष्ट्रेलिया

## इच्छापत्र (वील)

इच्छापत्र (Will) ले मृत व्यक्तिको सम्पत्तिलाई कसरी वितरण गरिने भन्ने निर्देशन प्रदान गर्छ।

इच्छापत्र तब मात्र कानुनी हुन्छ जब व्यक्तिले यसको निहित अर्थ बुझ्छ, त्यसैले यदि सो डिमेन्सिया भएको व्यक्तिले इच्छापत्र बनाउन खोजेमा, वा इच्छापत्रलाई अद्यावधिक गर्नका लागि उनीहरु हस्ताक्षर गर्नका लागि सक्षम अवस्थामा रहँदा नै उनीहरु त्यसो गर्नुपर्ने जरुरत हुन्छ।

पूर्व योजनाको अर्थ:

- अद्यावधिक इच्छापत्र
- कार्यान्वयनकर्ता को हो र इच्छापत्रलाई कहाँ राखिएको छ जान्ने

**कसले सहयोग गर्न सक्छ?**

- वकिल
- कानुन समाज वा संस्थान (Law Society वा Institute), वा कानुनी सहायक (Legal Aid)
- डिमेन्सिया अष्ट्रेलिया

## औषधोपचारबारे निर्णय

डिमेन्सिया भएको व्यक्तिले आफ्नो औषधोपचारको निर्णयबारेमा निर्णय गर्ने क्षमता गुमाएमा उनीहरुका लागि अरु कोहीले निर्णय गरिदिनुपर्ने जरुरत हुन्छ। धेरै राज्य तथा प्रदेशहरुमा ती निर्णयहरु गरिदिनका लागि विश्वासिलो आफन्त वा साथीलाई नियुक्त गर्न सकिन्छ। यदि यस्तो अगाडि नै गरिएको छैन भने, हरेक राज्य तथा प्रदेशको कानुनले डिमेन्सिया भएको व्यक्तिको तर्फबाट निर्णय गर्नका लागि कसैलाई नियुक्त गर्नका लागि कुनै विशेष अदालतलाई अनुमति दिन्छ।

**औषधोपचारको निर्णयका लागि पूर्व योजना बनाउन दुई प्रकारका औजारहरु उपलब्ध छन्:**

- स्थायी वारीसनामा (enduring power of attorney) ले स्वास्थ्य मामलालाई समेट्ने। यसले डिमेन्सिया भएको व्यक्तिलाई औषधोपचारको निर्णयकर्ताको विकल्पको रुपमा एउटा मान्छे नियुक्त गर्ने अनुमति दिन्छ।
- एउटा अग्रीम निर्देशिका। यो औषधोपचारका लागि डिमेन्सिया भएको व्यक्तिको इच्छा व्यक्त गर्ने यो एउटा लिखित कागजात हो। केही राज्य तथा प्रदेशहरुमा फरक नामहरु प्रयोग हुन सक्छन्, तर त्यस्तो कागजातको काम भने धेरै हदमा एउटै हुन्छ।

केहि राज्य तथा प्रान्तहरूमा भिन्दै नामहरूको प्रयोग हुन सक्छ, तर कागजातको काम लागभग उस्तै हुन्छ।

**पूर्व योजनाको अर्थ:**

- डिमेन्सिया भएको व्यक्तिले स्वास्थ्य मामला समेटेर स्थायी वारीसनामा वा अग्रीम निर्देशिका बनाउने सुनिश्चित गर्न
- कागजातको प्रतिलिपि राख्ने, र त्यो कहाँ राखिएको छ थाहा पाउने

**कसले सहयोग गर्न सक्छ?**

- वकिल
- कानुन समाज वा संस्थान (Law Society वा Institute), वा कानुनी सहायक (Legal Aid)
- सार्वजनिक वकिल (Public Advocate) वा सार्वजनिक अभिभावक (Public Guardian)
- डिमेन्सिया अष्ट्रेलिया

## अभिभावकत्व तथा प्रशासन

धेरै राज्य तथा प्रदेशहरुमा अभिभावकत्व बोर्ड (Guardianship Board) वा ट्राईब्युनल (Tribunal) अर्थात न्यायलाय हुन्छ जसले आफै निर्णय गर्न नसक्ने मानिसका लागि अभिभावक वा प्रशासकको नियुक्ति गर्न सक्छ। डिमेन्सिया भएका मानिसको मामलालाई व्यवहार गर्दा कुनै समस्या आयो भने, वा व्यक्तिको उत्तम रुचिमा द्वन्द्व भएमा, अभिभाव वा प्रशासकको नियुक्तिका लागि आवेदन दिनुपर्ने जरुरतलाई विचार गरिन्छ।

अभिभावक वा प्रशासकको नियुक्तिका लागि आवेदन दिनु जरुरी छ कि छैन र कसरी त्यस्तो गर्ने भनेर छलफल गर्न डिमेन्सिया अष्ट्रेलियालाई सम्पर्क गर्न सकिन्छ।

## थप जानकारी

डिमेन्सिया अष्ट्रेलियाले सहायता, जानकारी, शिक्षा तथा परामर्श प्रदान गर्छ। राष्ट्रिय डिमेन्सिया हेल्पलाइन (National Dementia Helpline) लाई **1800 100 500** मा सम्पर्क गर्नुहोस्, वा हाम्रो वेबसाइट **dementia.org.au** हेर्नुहोस्।

Interpreter

भाषागत सहायताका लागि अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreting Service) लाई **131 450** मा फोन गर्नुहोस्।

यस प्रकाशनले समेटिएको विषयवस्तुको सामान्य सारांश मात्र प्रदान गर्छ। मानिसहरुले उनीहरुको विशेष मामलाका लागि व्यावसायिक सुझाव खोज्नु पर्दछ। यस प्रकाशनमा भएका कुनै पनि त्रुटि वा छुटफुटका लागि डिमेन्सिया अष्ट्रेलिया जिम्मेवार छैन।

Dementia Australia © 1999
2017 मा समीक्षित

# Early planning

This Help Sheet discusses ways to plan ahead and organise financial and legal affairs and lists people and organisations that can help.

Dementia affects people differently. One person may begin to lose the ability to handle money or make competent business decisions at an early stage, while another person may keep these skills much longer.

However, sooner or later their abilities will decline and the person with dementia will be unable to make their own decisions about their financial and legal matters.

## Planning ahead

Planning ahead can make it easier for families and carers to manage the affairs of a person with dementia. It may also mean that the person with dementia can participate in the planning and make sure that their wishes are carried out in the way that they would like.

Wherever possible, get advice while the person with dementia can still participate in the discussion and is legally competent to sign any documents.

## Money matters

If a bank account is in joint names, the partner of the person with dementia can continue to operate it without any change in arrangements. However problems can occur if the person with dementia uses the account inappropriately or has accounts in their name only. To avoid these difficulties the person with dementia can give authority, while legally competent, for another person to operate the account. It is important to remember that this authority will be invalid if completed when the person is no longer legally competent. If they are unwilling to agree to a change of arrangement it may be helpful to consult the bank manager about a possible solution.

**Planning ahead means:**

- Having joint signatures on all financial accounts
- Discussing future financial affairs with a financial adviser
- Arranging how and when the person with dementia will access their finances

**Who can help?**

- Bank manager
- Accredited financial adviser
- Solicitor
- Dementia Australia

## Enduring Power of Attorney

In most States and Territories a person can sign a document called an enduring power of attorney if they are legally competent at the time of signing. An enduring power of attorney is a legal arrangement that enables a nominated person to look after the financial affairs of another person should they become unable to do so. Many people have enduring powers of attorney regardless of any illness or diagnosis.

An ordinary, or general, power of attorney is also available but is only valid while a person is legally competent. An enduring power of attorney continues until the person's death, unless revoked.

One of the benefits of having an enduring power of attorney is that it allows the person with dementia to choose someone to act on their behalf in legal and financial matters when they are no longer able to do so themselves.

**Planning ahead means:**

- Ensuring that the person with dementia has the opportunity to consider making an enduring power of attorney if they don't already have one, as soon as possible after diagnosis and whilst they have the capacity to do so
- Ensuring that family and carers also have their own enduring powers of attorney to ensure that their affairs are well managed in case they also become incapable
- Having a copy of the enduring power of attorney, and knowing where it is kept



This help sheet is funded by the Australian Government

**Who can help?**

- Solicitor
- The Law Society or Institute, or Legal Aid
- The Public Advocate or Public Guardian
- Dementia Australia

## Wills

A will gives instructions as to how the estate of a deceased person should be distributed.

A will is only legal if the person understands its implications, so it is essential that if the person with dementia wishes to make, or update their will, they do so while they are still competent to sign.

Planning ahead means:

- Having an up-to-date will
- Knowing who the executor is, and where the will is kept

**Who can help?**

- Solicitor
- The Law Society or Institute, or Legal Aid
- Dementia Australia

## Decisions about medical treatment

If a person with dementia loses the legal capacity to make decisions about their medical treatment, someone else needs to make those decisions for them. In most States and Territories a trusted relative or friend can be appointed to make these decisions. If this has not been put in place, the law in every State and Territory allows a particular court to appoint someone to make decisions on behalf of the person with dementia.

**Two types of tools are available to help plan ahead for decisions about medical treatment:**

- An enduring power of attorney covering health matters. This allows the person with dementia to appoint a person to be a substitute decision-maker for medical decisions
- An advance directive. This is a written document expressing the wishes of the person with dementia about medical treatment

Different names may be used in some States and Territories, but the function of the document is much the same.

**Planning ahead means:**

- Ensuring the person with dementia has the opportunity to make an enduring power of attorney covering health matters or an advance directive
- Having a copy of the document, and knowing where it is kept

**Who can help?**

- Solicitor
- The Law Society or Institute, or Legal Aid
- The Public Advocate or Public Guardian
- Dementia Australia

## Guardianship and Administration

In most States and Territories there is a Guardianship Board or Tribunal that can appoint a guardian or administrator for a person who is no longer able to make decisions for themselves. If there are problems dealing with the affairs of the person with dementia, or there is conflict about the person's best interests, an application for the appointment of a guardian or administrator may need to be considered.

Dementia Australia can be contacted to discuss whether an application to appoint a guardian or administrator may be needed, and how to go about it.

## FURTHER INFORMATION

Dementia Australia offers support, information, education and counselling. Contact the National Dementia Helpline on **1800 100 500**, or visit our website at **dementia.org.au**

Interpreter

For language assistance phone the Translating and Interpreting Service on **131 450**

This publication provides a general summary only of the subject matter covered. People should seek professional advice about their specific case. Dementia Australia is not liable for any error or omission in this publication.

Dementia Australia ©1999
Reviewed 2017